टीकापुर नगरपालिका नगरकार्यपालिकाबाट स्विकृत मितिः २०७७।०९।०४

# सामुदायीक विद्यालय सञ्चालन तथा विद्यालयका नीजि शिक्षक र कर्मचारी व्यवस्थापन अनुदान कार्यविधि, २०७७

**प्रमाणिकरण मितिः २०७७।०९।१२**

**पहिलो संशोधन मितिः २०७८।०४।२५**

**टीकापुर नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**टीकापुर, कैलाली**

# सामुदायीक विद्यालय सञ्चालन तथा विद्यालयका नीजि शिक्षक  र कर्मचारी व्यवस्थापन अनुदान कार्यविधि, २०७७

**प्रस्तावनाः**

टीकापुर नगरपालिका अन्तर्गत सञ्चालित विभिन्न सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या, विद्यालयको तह अनुसार आवश्यक पर्ने शिक्षक संख्या कम रहेको जसको कारण सहज रुपमा विद्यालय सञ्चालन गर्न, गुणस्तरिय शिक्षा प्रदान गर्न र विविध शैक्षिक क्रियाकलापहरु सञ्चालन गर्न तथा प्रारम्भिक वालविकास देखि कक्षा आठसम्म शिक्षण गर्ने नीजि शिक्षकहरुको व्यवस्थापनको लागि शिक्षण सिकाई सहयोग अनुदान प्रदान गर्न र विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी अनुदान प्रदान गर्न नगर शिक्षा ऐन टीकापुर, २०७६ को दफा ४१ बमोजिम टीकापुर नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेदः १ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "सामुदायीक विद्यालय सञ्चालन तथा विद्यालयका नीजि शिक्षक  र कर्मचारी व्यवस्थापन अनुदान कार्यविधि, २०७७" रहनेछ।

(२) यो कार्यविधि नगरपालिका अन्तर्गतका प्रारम्भिक वालविकास देखि कक्षा आठसम्म सञ्चालन गरेका सामुदायिक विद्यालयहरु र ति विद्यालयहरुमा शिक्षण गर्ने नीजि शिक्षकहरुलाई केन्द्रित गरेर तयार गरिएको छ।

(३) यो कार्यविधि नगरकार्यपालिकाको वैठकबाट स्विकृत भएको मितिदेखि लागु हुनेछ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"आधारभुत तह"** भन्नाले प्रारम्भिक वालविकास देखि कक्षा आठसम्मको तहलाई सम्झनुपर्छ।

(ख) **"नगरपालिका"** भन्नाले टीकापुर नगरपालिका सम्झनुपर्छ।

(ग) **"नगर कार्यपालिका"** भन्नाले टीकापुर नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(घ) **“प्रति विद्यार्थी अनुदान”** भन्नाले सामुदायीक विद्यालय सञ्चालन तथा विद्यालयका नीजि शिक्षक र कर्मचारी व्यवस्थापनको लागि कक्षा एकदेखि आठसम्मका विद्यार्थीहरुको संख्याको आधारमा प्रदान गरिने अनुदान सम्झनुपर्छ।

(ङ) **“विद्यालय”** भन्नाले सञ्चालनको अनुमति वा स्विकृति प्राप्त गरि नगरपालिका भित्र सञ्चालित सामुदायीक विद्यालयलाई सम्झनुपर्छ।

(च) **“विद्यालय व्यवस्थापन समिति”** भन्नाले सम्बन्धित विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि प्रचलित ऐन नियम बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ।

(छ) **“शिक्षा, युवा तथा खेलकुद शाखा”** भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ।

(ज) **“शिक्षा समिति”** भन्नाले नगर शिक्षा समितिलाई सम्झनुपर्छ।

## परिच्छेदः २ शिक्षण सिकाई अनुदान प्रदान गर्ने प्रक्रियाहरु

३. कुनै विद्यालयलाई शिक्षण सिकाई सहयोग अनुदान प्रदान गर्दा देहायबमोजिम गर्नुपर्नेछः

(क) प्रारम्भिक वालविकास देखि कक्षा आठसम्म सञ्चालनमा रहेका विद्यालयहरुले सोहि तहमा नियमसंगत रुपमा नीजि श्रोतमा नियुक्ति पाएको शिक्षकका कागजातहरु नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने

(ख) शिक्षा, युवा तथा खेलकुद शाखाले उक्त कागजातहरु प्रमाणित गर्ने

(ग) विद्यालयहरुले चौमासिक रुपमा प्रमाणिकरण भएका शिक्षकहरुको हाजिरी प्रमाणित, विगत चौमासिकको तलवि भरपाई, माग फाराम र विद्यालयको पत्रसहित अनुसुचि-१ बमोजिमको रकमको आधार हुनेगरी नगरपालिकासँग सो शिक्षण सिकाइ सहयोग अनुदान माग गर्ने

(घ) विद्यालहरुबाट माग फारामहरु प्राप्त भएपछि शिक्षा, युवा तथा खेलकुद शाखाले माग फारामहरु रुजु गरि चौमासिक रुपमा अनुदान रकम निकासा गर्ने गराउने

(ङ) अनुदान निकासा गरेपश्चात शिक्षा, युवा तथा खेलकुद शाखाले सम्बन्धित विद्यालयहरुलाई खर्च गर्ने शिर्षकहरु सहित तोकि रकम निकासाको पत्र पठाउने

(च) विद्यालयले अनुदान रकम प्राप्त गरेपछि निकासा पत्रमा उल्लेखित क्षेत्रहरुमा उक्त अनुदान रकम खर्च गर्नुपर्ने।

## परिच्छेदः ३ प्रति विद्यार्थी अनुदान प्रदान गर्ने प्रक्रियाहरु

४. कुनै विद्यालयलाई प्रति विद्यार्थी अनुदान प्रदान गर्दा देहायबमोजिम गर्नुपर्नेछः

(क) गत शैक्षिक सत्रको अन्तिम परीक्षामा संलग्न भएका कक्षा एकदेखि आठसम्मका विद्यार्थीहरुको खुद तथ्याङ्क संकलन गर्ने,

(ख) तथ्याङ्क संकलन भएपश्चात विद्यालयको खातामा प्रति विद्यार्थी अनुदान शिर्षकमा रकम निकासा गर्दा *कक्षा एकदेखि पाँच सम्मका विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी रु. ६००।०० (छ सय मात्र)* र *कक्षा छ देखि आठ सम्मका विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी लागि ८००।०० (आठ सय मात्र)*[१] ले हुन आउने रकम एकमुष्ठ निकासा गर्ने,

(ग) अनुदान निकासा गरेपश्चात शिक्षा, युवा तथा खेलकुद शाखाले सम्बन्धित विद्यालयहरुलाई खर्च गर्ने शिर्षकहरु सहित तोकि रकम निकासाको पत्र पठाउने

(घ) विद्यालयले अनुदान रकम प्राप्त गरेपछि निकासा रकम खर्च गर्ने आधारहरुमा रहि विद्यालय व्यवस्थापन समितिको वैठकबाट स्विकृत गराई खर्च गर्नुपर्ने।

## परिच्छेदः ४ नीजि शिक्षक नियुक्ति सम्बन्धि व्यवस्था

५. कुनै सामुदायीक विद्यालयले नीजि शिक्षक नियुक्ति वा रिक्त पदपुर्ति गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) सामुदायीक विद्यालयले नयाँ नीजि शिक्षक नियुक्त गर्दा वा कार्यरत नीजि शिक्षकको रिक्त पदपुर्ति गर्दा उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिले सो कुराको आवश्यकता र

---

१. पहिलो संशोधन, २०७८ द्वारा संशोधित

औचित्यता पुष्ठि गरि निर्णयसहित शिक्षा, युवा तथा खेलकुद शाखामा अनुमतिको लागि निवेदन पेश गर्नुपर्नेछ।

(ख) प्राप्त निवेदन र विद्यालयको वर्तमान शिक्षक तथा विद्यार्थीको अवस्थाको विश्लेषण सहितको तथ्याङ्क शिक्षा, युवा तथा खेलकुद शाखाले नगर शिक्षा समितिको वैठकमा पेश गर्नुपर्नेछ।

(ग) शिक्षा, युवा तथा खेलकुद शाखाको तथ्याङ्क र विद्यालयको पुष्ठ्याँईको आधारमा नगर शिक्षा समितिले निवेदन पेश गर्ने विद्यालयमा नयाँ नीजि शिक्षक नियुक्ति गर्ने वा रिक्त नीजि शिक्षकको पदपुर्ति गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ।

(घ) कुनै सामुदायिक विद्यालयले नगर शिक्षा समितिबाट नयाँ नीजि शिक्षक नियुक्ति गर्ने वा रिक्त नीजि शिक्षक पदपुर्ति गर्ने अनुमति पाएमा नगर शिक्षा ऐन टीकापुर, २०७६ को दफा ३१ को उपदफा (१) बमोजिमको समिति गठन गरि गर्नु गराउनु पर्नेछ।

## परिच्छेदः ५ विविध

६. विद्यालयलाई प्रदान गरीएको शिक्षण सिकाई सहयोग अनुदान र प्रति विद्यार्थी अनुदान वाफतको रकमको खर्चको सम्बन्धमा टीकापुर नगरपालिका र सम्बन्धित विद्यालय रहेको वडाको  वडा समितिले नियमित अनुगमन गर्न सक्नेछ।

७. आर्थिक वर्ष समाप्त भएको पन्ध्र दिनभित्र विद्यालयले शिक्षण सिकाई सहयोग अनुदान र प्रति विद्यार्थी अनुदानबाफत प्राप्त गरेको  रकमको विल, भरपाई सहितको प्रतिवेदन नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ।

८. प्रचलित कानुनमा व्यवस्था भए बाहेक यस कार्यविधि बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

९. यस कार्यविधिमा लेखिएका विषयहरुको संशोधन, बचाउ र खारेजि टीकापुर नगरपालिकाको नगर कार्यपालिकाले गर्नेछ ।

# अनुसुचि-१

## शिक्षण सिकाई सहयोग अनुदानका आधारहरु

**<u>(परिच्छेद २ दफा ३ को उपदफा (ग) सँग सम्बन्धित)</u>**

| क्र स | तह | रकम प्रति शिक्षक प्रति महिना | महिना | कैफियत |
|---|---|---|---|---|
| १ | प्रारम्भिक वालविकास | १५०००।००(पन्ध्र हजार मात्र)[२] | १३ | |
| २ | आधारभुत तह कक्षा १-५ | १६०००।००(सोह्र हजार मात्र)[३] | १३ | |
| ३ | आधारभुत तह कक्षा ६-८ | १८०००।००(अठार हजार मात्र)[४] | १३ | |
| ४ | पोषाक खर्च | १००००।०० (दश हजार मात्र)[५] | वार्षिक एकपटक | |

२. पहिलो संशोधन, २०७८ द्वारा संशोधित
३. पहिलो संशोधन, २०७८ द्वारा संशोधित
४. पहिलो संशोधन, २०७८ द्वारा संशोधित
५. पहिलो संशोधन, २०७८ द्वारा थप